छत्रकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः-९ संख्याः-१ मितिः-२०८२।०१।१०


भागः-२

## छत्रकोट गाउँपालिका,गुल्मीको सूचना

**छत्रकोट गाउँपालिकाको दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि,२०७७(पहिलो संशोधन)**

छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२।०१।०४ गतेको बैठकबाट "**छत्रकोट गाउँपालिकाको दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि,२०७७**" संशोधन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

## **छत्रकोट गाउँपालिकाको दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि,२०७७(पहिलो संशोधन)**

प्रस्तावनाः- "छत्रकोट गाउँपालिकाको दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि,२०७७" मा संशोधन गर्न वान्छनीय भएकोले,

छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस कार्यविधिको नाम **"छत्रकोट गाउँपालिकाको दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि,२०७७(पहिलो संशोधन)" रहेको छ।**
   (२) यो कार्यविधि छत्रकोट गाउँपालिका गाउँ कार्यपालिका बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।
२. मूल कार्यविधिको परिच्छेद-२ को दफा ५ खण्ड (क) को "व्यक्तिगत हकमा एक छाकमा कम्तिमा ४ लिटर दुध विक्रि गरेमा प्रति लिटर रु. २ रुपैंया पाउनेछन" भन्नेको सट्टामा " व्यक्तिगत हकमा प्रति छाकमा कम्तिमा ४ लिटर दुध बिक्रि गरेमा रु ३ रुपैंया पाउनेछन्" भन्ने वाक्य राखे।
३. मूल कार्यविधिको परिच्छेद-२ को दफा ५ खण्ड (ख) को "फर्मको हकमा एक छाकमा कम्तिमा २० लिटर दुध विक्रि गरेमा प्रति लिटर रु १.५ रुपैयाँ पाउने छ" भन्ने वाक्यको सट्टामा "फर्मको हकमा एक छाकमा कम्तिमा २० लिटर दुध बिक्रि गरेमा रु २ रुपैंया पाउने छन" भन्ने वाक्य राखे।

आज्ञाले
रुद्रहरि पुरी
प्रमुख प्रशासकीय अधिकृत